स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्काले कर्णाली क्षेत्रलाई दयाको दृष्टिले भन्दा पनि गौरवको दृष्टिले हेर्नुपर्ने बताएका छन्। कर्णाली हाम्रो भाषा, साहित्य, कला र संस्कृतिको उद्गमस्थल भएको धारणा राखेका खड्काले नेपाली चलचित्रको थप उचाइका लागि कर्णाली केन्द्र बन्नुपर्ने धारणा राखे। 'घुमौं कर्णाली, हेरौं कर्णाली' भन्ने नारासहित आयोजना हुन लागेको तेस्रो कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको औपचारिक शुभारम्भ बिहीबार साँझ राजधानीमा गरिएको थियो।

**आजको विचार...**



कृष्ण भुसाल

अनुभवका... *(दुई पेजमा)*



अभिनेत्री करिश्मा मानन्धरले छोरी कवितामाथि सामाजिक सञ्जालमा भैरहेको 'बडी सेमिङ' लाई लिएर आपत्ति जनाएकी छन्। मान्छेहरूले कुरै नबुझी छोरीको शरिर, स्वरुप र अस्तित्वमाथि प्रश्न उठाएको भन्दै करिश्माले स्क्रिन सट पनि सेयर गरेकी छन्। करिश्मा लेख्छिन्, 'मेरो छोरीमाथि बारम्बार बडी सेमिङका टिप्पणीहरू गरिन्छ। उसको परिस्थिति के हो, उसले के भोगिरहेकी छ? यी कुरा नबुझी कसरी कसैको शरीर, स्वरूप वा अस्तित्वमाथि प्रश्न उठाउन सकिन्छ ?' व्यक्ति जे जस्तो छ ।

❑ वर्ष ३१ अंक १५० ❑ २०८२ पुस १२ गते शनिबार 27 December 2025, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### जिप दुर्घटनामा एक जनाको मृत्यु



**अर्घाखाँची,** पुस ११/भूमिकास्थान नगरपालिकामा स्थानीय जनजागृति माध्यमिक विद्यालयका विद्यार्थी सवार जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अन्य १६ जना घाइते भएका छन् । भूमिकास्थान नगरपालिका-१० धनचौरबाट नुवाकोट गइरहेको लु२च ५१७९ नम्बरको जिप सोही नगरपालिका-७ छिर्लिङ खोला नजिक दुर्घटना हुँदा जिप चालक भूमिकास्थान-१० धनचौरका ४५ वर्षीय रुद्रबहादुर बुढामगरको मृत्यु भएको हो । घाइते सबैको अर्घाखाँची अस्पतालमा उपचार भइरहेको छ । भूमिकास्थान नगरपालिकाले शुक्रबारदेखि आयोजना गरेको पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भाग लिन गएका विद्यार्थी सवार जिप दुर्घटना भएको हो । दुर्घटनापछि प्रतियोगिताअन्तर्गतका शुक्रबारका सबै खेल स्थगन भएका गरिएका नगरपालिकाले जनाएको छ । *-रासस*

# विषादीको प्रयोगले मानव स्वास्थ्यमा असर

**हाम्रा संवाददाता/रासस** ——

**लुम्बिनी,** पुस ११/कृषि विज्ञान विषयमा अध्ययनरत विद्यार्थी विकास पाण्डेले किसानलाई जैविक विषादी प्रयोग गर्ने विषयमा खोज नै नभएको र यसमा सरकारी निकाय गम्भीर हुनुपर्ने बताए । जैविक विषादीका विषयमा किसान जागरुक नहुँदा उपभोक्तालाई यसको प्रत्यक्ष असर परेको र यसबारेमा किसानसँगै उपभोक्तालाई पनि बुझाउन जरुरी रहेको उनी बताउन्छन् ।

यस्तै कृषि विषयमा अध्यापन गराउँदै आएका शिक्षक ज्ञानेन्द्र पौडेल विषादीको बिक्रीवितरण सहज हुने भएकाले खाद्यान्न बेच्ने ठाउँमा समेत यसको बिक्रीवितरण सहजै हुने गरेको बताउन्छन् । उनले बजारमा सहजै जैविक वनस्पति विषादी नपाउने र महँगो पर्ने भएकाले कृषि ज्ञान केन्द्रलगायत सरकारका निकायहरूमा सहजता ल्याउने गरी योजना



बनाउनुपर्ने बताए । रुपन्देही उद्योग सैले बुटवलमा आयोजना गरेको १६ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ का अवसरमा बुटवलमा आयोजित 'नेपालमा कृषि उत्पादन मानव स्वास्थ्य तथा वातावरणमा किटनाशकको प्रभाव' विषयक कार्याशाला गोष्ठीमा सहभागी विभिन्न क्षेत्रका विज्ञहरूले पर्याप्त सूचना अभावमा किसानले किटनाशक विषादीलाई औषधिका रुपमा प्रयोग गरेका कारण मानव स्वास्थ्यमा गम्भीर र घातक रोग निम्त्याए बताएका छन् । कृषि उत्पादन बढाउन किसानले अनावश्यक किटनाशक विषादीको प्रयोग र त्यसको नियामक निकाय कमजोर भएकाले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर परेको सरोकारवालाले चिन्तासमेत गरेका छन् । कार्यक्रममा कीरा, रोग र झारपातबाट बाली जोगाउन र छोटो समयमै लाभ दिने भए पनि यसको अस्वाभाविक प्रयोगले खतरनाक रोग लाग्न थालेकाले जैविक विषादीको प्रयोगलाई बढाउनुपर्ने सुझाव विभिन्न क्षेत्रका विज्ञहरूको छ । कृषि निर्देशनालयका बाली संरक्षक अधिकृत विज्ञ मिलन गैरे मानव स्वास्थ्यमा किटनाशक विषादीको असर अझै संवेदनशील रहेको र यसले खेतमा काम गर्ने किसान, मजदुर तथा उपभोक्ता सबै जोखिममा पर्दै गएको बताए । "छालामा सिधा सम्पर्क, श्वास फेर्दा वा खानामा रहेको अवशेषका कारण विषादी शरीरमा प्रवेश गर्ने र तत्काल रूपमा टाउको दुख्ने, वाकवाकी लाग्ने, चक्कर आउने, छालामा जलन हुनेजस्ता समस्या देखिन सक्छन्", उनले भने, "दीर्घकालीन रूपमा क्यान्सर, स्नायु प्रणालीमा असर, हर्मोन सन्तुलन बिग्रिनु, प्रजनन क्षमतामा कमी र बालबालिकाको शारीरिक तथा मानसिक विकासमा नकारात्मक प्रभाव पर्ने तथ्यहरू विभिन्न अध्ययनले देखाएका छन् । ***बाँकी अन्तिम पेजमा...***

**प्रतिलिपि अधिकार संरक्षण गरौं।**

-सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं ।

-सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं ।

-अर्काको सिर्जना वा रचना चोरी नगरौं।

-प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।

-बौद्धिक सम्पत्तिको रक्षा गरौं।

-सिर्जनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

# 'आर्थिक समृद्धिको आधार सहकारी'

**जगदीश भट्टराई** ——

**बुटवल,** पुस ११/नेपाल नगरपालिका महासंघ लुम्बिनी प्रदेशका संयोजक तथा रेसुङ्गा नगरपालिकाका गुल्मीका नगर प्रमुख खिलध्वज पन्थीले आर्थिक समृद्धिको आधार सहकारी भएको बताएका छन् । लुम्बिनी बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन)को पाचौं वार्षिक साधारणसभालाई बुटवलमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

संयोजक पन्थीले नेपालको आर्थिक विकासमा सहकारीको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । उनले मुलुकको आर्थिक खम्बा भनेकै सहकारी भएको समेत औंल्याए । नगर प्रमुख पन्थीले मुलुकभरका सहकारीले गरेको योगदान बिर्सन नहुने उल्लेख गरे । उनले भने "सहकारीले विपन्नवर्गका आमनागरिकका लागि आर्थिक रुपमा सवल बन्न सहयोग गर्ने भएका कारण, सहकारी अभियान सिंगो मुलुकको



आर्थिक सम्वृद्धिको महत्वपूर्ण खम्वा भएको हो ।" अहिले बचत र ऋणको कारोवार गर्ने शहर केन्द्रीत कतिपय सहकारी संस्थाहरुको आर्थिक व्यवस्थापनमा देखिएका केही समस्याहरु सहकारी अभियानकर्ता, स्थानीय सरकार र केन्द्र सरकार सबै मिलेर खोज्नुपर्ने बेला भएको औंल्याँदै उनले देशबाट गरीवी हटाउनका लागि सहकारी अभियान बाहेक अर्को विकल्प नभएको उल्लेख गरे । नगर प्रमुख पन्थीले नियम कानूनको सही कार्यान्वयन र अनुगमनको पाटोलाई ध्यान दिने हो भने, सरकारी, नीजी र सहकारीका तीनै निकायहरुले सहकारी अभियानलाई कसरी जनमूखी र पारदर्शी बनाउँने भन्ने विषयमा ध्यान दिने बेला आएको औंल्याए । प्रोस्कुनका प्रदेश अध्यक्ष कृष्ण नेपालले सहकारी आफैमा ऐन कानूनका साथै सूशासन र आत्मअनुशासनले मात्रै अगाडि बढ्नुपर्नेमा कतिपय सहकारीका सञ्चालकहरुका गलत सोंचका कारण समस्या आएको बताए । उनले सबै तहका सरकार र सहकारी अभियानकर्मीहरुको संयुक्त प्रयासबाट समस्याहरुको पहिचान र समाधान गर्नुपर्नेमा जोड दिए । अध्यक्ष नेपालको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष ऋषिराम सापकोटाको स्वागत र महासचिव वसन्तप्रसाद ढकालको सञ्चालनमा कार्यक्रम भएको थियो । साधारणसभामा महिला उपाध्यक्ष मिना सिग्देल, कोषाध्यक्ष प्रेमवहादुर गुरुङ्ग, लेखा सुपरीवेक्षण समितिका संयोजक कृष्ण चौहान क्षेत्रीले प्रस्तुत गरेका प्रतिवेदनहरु साधारण सभाले पारित गरेको छ । साधारण सभामा पाल्पा रामपुरको अन्धकार मुक्ति वचत तथा ऋण सहकारी संस्था र रुपन्देही बचत तथा ऋण संघ लि.ले यो बर्ष उत्कृष्ट व्यवस्थापन गरेकोमा सम्मान गरिएको थियो ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## चुनावी वातावरण बनाऊ

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचन आउन ६८ दिन मात्र बाँकी छ । जेन-जी आन्दोलनको जगमा बनेको सुशीला कार्कीको नेतृत्वको सरकारले ६ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन गर्ने गरी मुख्य 'म्यान्डेट' पाएको एक सय दिन भन्दा बढी भएको छ । सरकारले निर्धारित समयमै निर्वाचन गराउने गरी आफ्नो तयारी अगाडि बढाए पनि दलहरुलाई चुनावप्रति आश्वस्त बनाउन सकेको छैन । निर्वाचनलाई लिएर सरकार र काग्रेस, एमाले, नेपाल कम्युनिस्ट पार्टी लगायत मुख्य दलका शीर्ष नेताबीच संवाद नै सुरु भएको छैन । निर्वाचनमा जान तयार देखिएका दलहरूले पनि वातावरण बनाउन नसकेको भन्दै सरकारको आलोचना गर्न थालेका छन् । अर्कातिर काग्रेस र एमाले प्रतिनिधिसभा पुन:स्थापनाको अडानमा छन् । उनीहरुले प्रतिनिधिसभा पुन:स्थापनाको माग लिएर सर्वोच्च अदालत पुगेका छन् । त्यसैले निर्वाचनका लागि अदालतको निर्णय पनि प्रतीक्षाको विषय बनेको छ । सरकारले जेन-जीका सवाल सम्बोधनलाई प्राथमिकता दिन खोजेको देखिन्छ तर जेन-जी नै सरकारप्रति विश्वस्त हुन सकेको पाइँदैन । निर्वाचनलाई लिएर जेन-जी अगुवाबाटै अनेकथरी धारणा आइरहेका छन् । जेन-जी समूहले विभिन्न माग राख्दै बेला-बेला प्रदर्शन गरिरहेका छन् । जसले गर्दा चुनावप्रति संशय उत्पन्न गराएको छ ।

अहिलेका मुलधारका राजनैतिक दल तयार नभई मुलुकमा चुनावको माहौल बन्न सक्तैन् । उनीहरुलाई किनारामा धकेलेर चुनाव गराउने सरकारको सपना साकार हुँदैन नै, अहिलेको चालढालले फागुन २१ मा हुने चुनाव भयरहित र निष्पक्ष हुन्छ भनेर विश्वास गर्न समेत सकिन्न । चुनावका लागि मन्त्रीका भाषण होइन्, चुनावको वातावरणका लागि विश्वास जगाउने काम गर्न ध्यान दिनुपर्छ । संसद विघटन असवैधानिक भन्दै परेको रिटको टुंगो लाग्दा मात्रै चुनावको वैधानिक आधार तयार हुन्छ । निर्वाचन आयोगले सम्पूर्ण तयारी गरिसकेको अवस्था छ । यस्तो अवस्थामा आएर चुनावप्रति संशय उत्पन्न हुनु जनताको भावनामाथिको कुठाराघात हो । अहिलेको अवस्थामा चुनाव सार्नु उचित हुँदैन । तसर्थ सरकारले सबै राजनीतिक दलहरुलाई चुनावप्रति विश्वस्त बनाउने वातावरण सिर्जना गराउने दिशामा गम्भीर भएर लाग्न जरुरी छ ।

### Opinion @ Socia Network

सकेसम्म कसैले कसैको जज नगर्नु होला किनकी
तिमीले देखिरहेको जिन्दगी र उस्ले भोगिरहेको जिन्दगीमा धेरै फरक हुन सक्छ ।
*(माधव अर्याललको **फेसबुक स्टाटसबाट** www.facebook.com/Madab.Aryal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अनुभवको उज्यालो, भविष्यको बाटो



**कृष्ण भुसाल**

*डिजिटल माध्यम, सामाजिक सञ्जाल र विश्वव्यापी पहुँचले ज्ञान हस्तान्तरणलाई छिटो र व्यापक बनाएको छ । यसले अवसरसँगै चुनौती पनि ल्याएको छ । एकातिर, नयाँ पुस्ताले विश्वका उत्कृष्ट अभ्यासहरू सजिलै सिक्नसक्छह अर्कोतिर, स्थानीय संस्कार र मौलिक मूल्य हराउने खतरा पनि छ । यस सन्दर्भमा पुस्तान्तरणको सकारात्मक सन्देश भनेको प्रविधिलाई साधन बनाएर मौलिकतालाई अझ सबल बनाउनु हो, न कि विस्थापित गर्नु । पारिवारिक स्तरमा पुस्तान्तरणले नैतिकता, जिम्मेवारी र सहानुभूतिलाई बलियो बनाउँछ । हजुरबुवा-हजुरआमाको जीवनकथा, आमाबुवाको संघर्ष र त्यागका अनुभवले नयाँ पुस्तालाई जीवनप्रति संवेदनशील बनाउँछ ।*

पुस्तान्तरण मानव सभ्यताको निरन्तर यात्राको मेरुदण्ड हो । एक पुस्ताबाट अर्को पुस्तामा ज्ञान, अनुभव, मूल्य-मान्यता, संस्कार र सीप हस्तान्तरण हुँदै जानु नै समाजको विकासको मूल आधार हो । पुस्तान्तरणलाई केवल उमेरको अन्तर वा पुरानो-नयाँको टकरावका रूपमा बुझ्नु संकुचित दृष्टिकोण हो । वास्तवमा, पुस्तान्तरण भनेको अनुभवको विरासतलाई समयसापेक्ष रूपान्तरण गर्दै भविष्यतर्फ लैजाने सृजनात्मक प्रक्रिया हो, जसले समाजलाई जरा र पखेटा दुवै प्रदान गर्छ ।पुर्खाबाट प्राप्त ज्ञान र अनुभव समाजका लागि अमूल्य सम्पत्ति हुन् । जीवनका कठिनाइ, संघर्ष, सफलताको बाटो र असफलताबाट सिकिएका पाठहरू पुस्तान्तरणमार्फत सुरक्षित रहन्छन् । यदि हरेक पुस्ताले शून्यबाट सुरु गर्नुपरेको भए मानव विकास यति द्रुत गतिमा सम्भव हुने थिएन । कृषि, कला, भाषा, संस्कृति, नैतिकता र सहअस्तित्वका अभ्यासहरू पुस्तान्तरणकै परिणाम हुन् । यसले समाजलाई आृनो पहिचान जोगाइराख्न मद्धत गर्छ र इतिहाससँग वर्तमानलाई जोड्ने सेतुको काम गर्छ । तर, पुस्तान्तरण केवल विगतलाई बोकेर हिँड्नु मात्र होइन । यसको सकारात्मक सन्देश यहीँ छ, पुरानो ज्ञानलाई नयाँ सन्दर्भमा ढाल्ने क्षमता । नयाँ पुस्ताले अघिल्लो पुस्ताबाट पाएको मूल्य र अनुभवलाई जस्ताको त्यस्तै स्वीकार्नु आवश्यक छैनह त्यसलाई प्रश्न गर्ने, परिमार्जन गर्ने र समयअनुकूल बनाउने अधिकार र दायित्व दुवै हुन्छ । यही संवाद र सहकार्यबाट समाज गतिशील बन्छ । पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको नवीन सोच मिल्दा सन्तुलित विकास सम्भव हुन्छ । आजको प्रविधियुगमा पुस्तान्तरणको स्वरूप बदलिएको छ । डिजिटल माध्यम, सामाजिक सञ्जाल र विश्वव्यापी पहुँचले ज्ञान हस्तान्तरणलाई छिटो र व्यापक बनाएको छ । यसले अवसरसँगै चुनौती पनि ल्याएको छ । एकातिर, नयाँ पुस्ताले विश्वका उत्कृष्ट अभ्यासहरू सजिलै सिक्नसक्छह अर्कोतिर, स्थानीय संस्कार र मौलिक मूल्य हराउने खतरा पनि छ । यस सन्दर्भमा पुस्तान्तरणको सकारात्मक सन्देश भनेको प्रविधिलाई साधन बनाएर मौलिकतालाई अझ सबल बनाउनु हो, न कि विस्थापित गर्नु । पारिवारिक स्तरमा पुस्तान्तरणले नैतिकता, जिम्मेवारी र सहानुभूतिलाई बलियो बनाउँछ । हजुरबुवा-हजुरआमाको जीवनकथा, आमाबुवाको संघर्ष र त्यागका अनुभवले नयाँ पुस्तालाई जीवनप्रति संवेदनशील बनाउँछ । यसले केवल व्यक्तिगत चरित्र निर्माण गर्दैन, सामाजिक उत्तरदायित्वको भावना पनि विकास गर्छ । पुस्तान्तरण कमजोर हुँदा समाजमा जरा काटिएको जस्तो अनुभूति हुन्छ, जहाँ व्यक्तिहरू दिशाहीन बन्छन् । सकारात्मक पुस्तान्तरणको अर्को महत्वपूर्ण पक्ष सहिष्णुता र संवाद हो । पुस्ताबीचको मतभेद स्वाभाविक हो, तर त्यसलाई द्वन्द्व होइन, सिकाइको अवसरका रूपमा लिनु आवश्यक छ । जब पुरानो पुस्ताले नयाँ पुस्ताको सोचलाई सुन्छ र नयाँ पुस्ताले पुरानो पुस्ताको अनुभवलाई सम्मान गर्छ, तब विश्वास र सहकार्यको वातावरण बन्छ । अन्ततः, पुस्तान्तरणको सकारात्मक सन्देश भविष्यप्रतिको आशा हो । हामीले पाएको ज्ञान र मूल्य केवल हाम्रो होइन, आउने पुस्ताको पनि हो । त्यसलाई जिम्मेवारीपूर्वक हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हो । साथै, नयाँ पुस्तालाई पनि सन्देश दिन्छ विगतलाई बोझ होइन, मार्गदर्शनका रूपमा लिनुहोस् । जब पुस्तान्तरण सम्मान, संवाद र रूपान्तरणको भावनासहित अघि बढ्छ, तब समाज केवल बाँच्दैन, समृद्ध बन्छ । आउनुहोस् हिमालय टाइम्स दैनिकको यो लेखमा अब चर्चा गरौं नेपाली राजनीतिमा पुस्तान्तरणको बहसका विषयमा । नेपाली राजनीति लामो समयदेखि एउटै अनुहार, एउटै शैली र एउटै सोचको वरिपरि घुमिरहेको छ । राजनीतिक परिवर्तनका नाममा पटक-पटक व्यवस्था फेरिए, संविधान बन्यो, संघीयता आयो, तर नेतृत्वको पुस्ता भने झण्डै उही रह्यो । यही सन्दर्भमा पछिल्लो समय नेपाली राजनीतिमा 'पुस्तान्तरण'को बहस पुन: सतहमा आएको छ । यसको बहससँगै हालै 'जेन-जी' विद्रोह भएको हो भन्दा अतिशयोक्ति नहोला । अहिलेको बहस सतही रूपमा हेर्दा 'पुराना नेताहरू हट्नुपर्छ, युवालाई अवसर दिनुपर्छ' भन्ने नारामा सीमित देखिए पनि यसको जरा गहिरो छ राजनीतिक दलभित्रको लोकतन्त्र, जवाफदेहिता र समकालीन चुनौतीसँग जुध्ने क्षमतासँग जोडिएको । नेपाली राजनीतिमा दशकौंदेखि एउटै नेतृत्वको वर्चस्व रहँदै आएको छ । यी नेताहरूले ऐतिहासिक रूपमा ठूलो योगदान दिएको तथ्य अस्वीकार गर्न सकिँदैन प्रजातन्त्र पुन:स्थापना, गणतन्त्र, समावेशिता र संघीयताको यात्रामा उनीहरूको भूमिका महत्वपूर्ण रह्यो । तर, समयसँगै चुनौतीहरू पनि बदलिएका छन् । आजको नेपाल सुशासन, रोजगारी, आर्थिक विकास, प्रविधि र विश्वसँग प्रतिस्पर्धाको चरणमा प्रवेश गरिसकेको छ । पुरानो पुस्ताको नेतृत्व प्राय: सत्ता-केन्द्रित राजनीति, गुट-उपगुट, शक्ति सन्तुलन र विगतका संघर्षको भाष्यमा अल्झिएको देखिन्छ । यसले नयाँ एजेण्डा स्थापित गर्न कठिन बनाएको छ । परिणामस्वरूप, जनतामा राजनीतिप्रति निराशा बढ्दो छ, विशेष गरी युवा पुस्तामा । नेपालको जनसांख्यिक संरचना हेर्दा युवा जनसंख्या अत्यधिक छ । यही पुस्ता बेरोजगारी, वैदेशिक पलायन, महँगी र अवसरको अभावको प्रत्यक्ष मारमा परेको छ । उनीहरू राजनीतिमा नयाँ सोच, पारदर्शिता र परिणाममुखी नेतृत्व खोजिरहेका छन् । तर, प्रश्न उठ्छ के युवा पुस्ता नेतृत्वका लागि तयार छ ? उमेरले युवा हुनु मात्र पर्याप्त हुँदैन । पुस्तान्तरण 'जबरजस्ती विस्थापन' होइन, 'संरचित हस्तान्तरण' हुनुपर्छ । पुरानो पुस्ताले अनुभव, मार्गदर्शन र संस्थागत स्मृति प्रदान गर्ने भूमिका निर्वाह गर्नुपर्छ भने नयाँ पुस्ताले नेतृत्व र कार्यान्वयनको जिम्मा लिनुपर्छ । यसका लागि दलभित्र आन्तरिक लोकतन्त्र मजबुत बनाउनुपर्छ । नेतृत्व चयनमा पारदर्शी र प्रतिस्पर्धी प्रक्रिया अपनाउनुपर्छ । युवालाई केवल नाराका लागि होइन, नीति निर्माण र कार्यान्वयनमा वास्तविक भूमिका दिनुपर्छ । अनुभव र नवप्रवर्तनबीच सन्तुलन कायम गर्नुपर्छ । नेपाली राजनीतिमा पुस्तान्तरण अपरिहार्य यथार्थ हो । यो बहस कुनै व्यक्ति वा समूहविरुद्ध लक्षित होइन, प्रणाली सुधारको सवाल हो । यदि समयमै जिम्मेवार ढंगले पुस्तान्तरण हुन सकेन भने राजनीति र जनताबीचको दूरी अझ बढ्नेछ । तर, अनुभव र ऊर्जाको संयोजनमार्फत सचेत र योजनाबद्ध पुस्तान्तरण गरियो भने नेपाली राजनीतिले नयाँ गति र विश्वास दुवै प्राप्त गर्नसक्छ । अब प्रश्न 'पुस्तान्तरण हुन्छ कि हुँदैन?' होइन, 'कसरी र कहिले हुन्छ ?' भन्ने हो । यही प्रश्नको उत्तरले नेपाली राजनीतिको भविष्य निर्धारण गर्नेछ । पछिल्ला केही दशकदेखि एउटै पुस्ता र अनुहारहरू राजनीतिमा हाबी हुँदै आएका छन् । उनीहरूले ऐतिहासिक संघर्ष, आन्दोलन र राजनीतिक परिवर्तनमा योगदान पुऱ्याए पनि बदलिँदो समयअनुसार जनताको अपेक्षा पूरा गर्न नसकेको आरोप बढ्दै गएको छ । युवा पुस्ता रोजगारी, सुशासन, प्रविधिमैत्री शासन, पारदर्शिता र परिणाममुखी राजनीतिमा विश्वास गर्छ । यही कारण राजनीतिमा पुस्तान्तरणको माग तीव्र बन्दै गएको छ । अबको १० वर्षको नेपाली राजनीतिमा पुस्तान्तरण निर्णायक विषय बन्ने सम्भावना छ । युवा नेताहरू पार्टीभित्र नेतृत्वमा आउने, नयाँ राजनीतिक दल र अभियान उदाउने तथा सामाजिक सञ्जाल र प्रविधिको प्रभाव राजनीतिमा झन् गहिरो हुने देखिन्छ । पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको ऊर्जा संयोजन गर्न सकिएमा नेपाली राजनीति स्थायित्व र विकासतर्फ अघि बढ्नसक्छ । अन्तत: अबको १० वर्ष नेपाली राजनीतिका लागि निर्णायक हुनेछ । यदि समयमै नेतृत्व परिवर्तन, नीति सुधार र जनमुखी राजनीति स्थापित गर्न सकियो भने नेपाल समृद्धि र स्थायित्वको दिशामा अघि बढ्नसक्छ । अन्यथा, पुस्तान्तरणको अभावले राजनीतिक असन्तोष र निराशा अझ बढ्ने जोखिम रहनेछ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। चुनौतीपूर्ण कार्य सम्पादन गर्न सकिनेछ। | **तुला** : यात्रा गर्दा पनि सचेत हुनुपर्छ, तर कुनै कुराले मन खुसी हुन्छ । |
| **वृष** : नयाँ कार्य प्राप्तिको योग छ । काम गर्ने उत्साह र हौसला पनि मिल्नेछ । | **वृश्चिक** : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । |
| **मिथुन** : दाम र प्रतिष्ठा कमाउने समय र हेको छ। जीवनशैलीमा परिवर्तन आउनेछ। | **धनु** : समाजसेवा कार्यमा मन लाग्नेछ । रोजगारको अवसर पनि मिल्नेछ । |
| **कर्कट** : कामबाट दोहोरो लाभ मिल्न सक्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ। | **मकर** : काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला। |
| **सिंह** : दाम्पत्य सम्बन्ध बलियो हुनेछ । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ । | **कुम्भ** : प्रतिष्ठित कामको जग बसाउन सकिनेछ।नयाँ जोश र आशा जाग्नेछ। |
| **कन्या** : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ। चिताएको कामले तीव्रता लिनेछ । | **मीन** : अधिकार प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। धन वा श्रम बढी खर्च गर्नुपर्ला। |

# साहित्य दर्पण

निबन्ध — मुक्ति भण्डारी

## सुनको औंठी



कुन्नि कसको भनाइ थियो–'जिन्दगी अनुभवको शास्त्र हो ।' यसपालि एउटा अनौठो अनुभव भयो । सोँच्दै नसोँचेको, आसै नगरेको कुरा केही क्षणका लागि प्राप्त भएर गुमाउनु पर्दा पनि पीडा हुँदोरै'छ । जसरी सपनामा पैसाको मुठो खोपीमा लुकाएको बालक ब्युँझेपछि पैसा नदेखेर अमिलो मन लिएर घोरिइरहन्छ, जसरी कुनै अज्ञात सुन्दरीलाई अङ्गालो हाल्नै लाग्दा ब्युँझिएको ठिटो नमीठो अनुहार लिएर टोलाउँछ । करिब त्यस्तै मनोदशामा थिएँ म एकाविहानै । कुरा थियो औंठीको । दाइको बिहेमा पाएको सुनको औंठी खुकुलो भएकोले कोटको खल्तीमा राखेँ । राती अबेर सुत्ने बेलामा पनि थियो तर विहान उठ्दा थिएन । छोटकरीमा कथा यत्ति हो । तर यो कथा होइन, तलाउमा फ्याँकिएको ढुङ्गा हो, जसले अनन्त तरङ्गहरू ल्याउने सामर्थ्य राख्दछ । एकछिन त होस्, कसैलाई सुनाउँदिन, जसरी आयो उसरी नै गयो भन्ने सोँचेर अरु अरु काममा लागेँ । तर मनले के मान्थ्यो, आफ्नो स्वभाव देखाइहाल्यो । अनेक कुराहरू खेल्न थाले । अचानक आफै उडेर आएका जोडी परेवाले घर छोड्दा दिनभरि झोंक्राएकी आमालाई सम्झेँ, आफै आएर घरमा बसेका मौरी आफै भाग्दाको दिनको बुवाको कान्तीहीन अनुहार सम्झेँ र सम्झेँ मित्र सुरजलाई जसले सुनाउँदै थियो आृनो प्रेम कहानी । भन्दै थियो–ऊ मेरो जीवनमा अनायासै आई, अनायासै गई तर आसा नै नगरेको बेलाको प्राप्तिमा हुने आनन्दभन्दा गुमाउँदाको पीडा हजार गुणा बढी हुँदोरै'छ । अनि औंठीलाई सम्झेँ–'प्यारी औंठी ! तिमी पनि त अनायासै प्रेमिका बन्न आएर केही दिनमै बेपत्ता भएकी सुन्दर स्त्री झैं भयौ ।' केही दिन अघि भुन्टीले जिस्किँदै भनेकी थिई–"अब त सुनको औंठी टर्लक्क होला नि हजुरको !" औंठी गोजीमा राख्दै गर्दा सोँचेको थिएँ–'यो नाथे औंठी लगाएर हिँड्ने कुरो हुन्न । यसलाई बेचेर उसलाई एउटा सुन्दर उपहार किन्दिनु पर्ला ।' तर, यतिबेला त्यो कुनै भुन्टी वा उसको भुन्टेको हातमा पऱ्यो कि भुइँमा गड्यो यसै भन्न सकिन्न । हामी जब समस्यामा पर्छौं तत्काल हामी भित्रका अनेकौं आदिम चेतनाहरू, आदिम संस्कारहरू सल्बलाउँछन् । कताबाट मनमा आयो 'सुन भेट्टाउनु र हराउनु दुबै अनिष्टका सङ्केत हुन् ।' मन भरङ्ग भयो । म भित्रको शिक्षित, आधुनिक मान्छे पराजित भयो । साँच्चिकै नराम्रो हुने त होइन ?! खासमा हामी आफूलाई जतिसुकै शिक्षित, चेतनशील, आधुनिक सम्झे पनि आफू भित्रका आदिम छापलाई मेट्न निकै गाह्रो छ । आफूलाई जतिसुकै उत्तरआधुनिक ठान्ने मान्छे पनि बिरालोले बाटो काटेको देखी देखी यात्रामा निस्कन हिच्किचाउँछ, हाच्छ्यूँ आएको बेला काममा निस्कन अन्कनाउँछ । हामीलाई जन्मदेखि नै सिकाइएका, सुनाइएका मूल्य मान्यता र विश्वासले हामीलाई जीवनभर जकड्ने रै'छन्, नछोड्ने रै'छन् । अँ, प्रसङ्ग थियो औंठीको । मनलाई शान्त पार्न कसैलाई नभन्ने सर्तमा एउटा साथीलाई सुनाएँ, उसले त्यस्तै सर्तमा अर्कोलाई सुनाएछ । अर्कोले अर्कोलाई गर्दै १५ मिनेट भित्रमा भोजमा उपस्थित मध्ये थाहा पाउनेकोभन्दा नपाउनेको सङ्ख्या कम भयो । सबैले पुर्लुक पुर्लुक मलाई हेर्छन् अनौठो नजरले । मानौं म अर्कै ग्रहबाट आएको मान्छे हुँ । कतिले एकान्तमा लगेर खानतलासी गरे त कतिले अर्तीबुद्धि दिन थाले । उसो त हाम्रो समाजमा नि:शूल्क एवम् सर्वसुलभ ढङ्गले पाइने चिज भनेकै अर्ती हो । अरुलाई अर्तीउपदेश दिन कुनै योग्यता चाहिँदैन । यसैबीच एकजनाले चामल मन्त्रेर रगतै बान्ता गराउँछु भन्दै थिए मलाई दिक्क लागेर त्यहाँबाट भाग्ने प्रयास गरेँ । जाँदाजाँदै एउटा ज्ञान पलायो–'कुनै कुरा छिटोभन्दा छिटो सबैले थाहा पाऊन् भन्ने छ भने कसैलाई नभन्ने सर्तमा एकजनालाई सुटुक्क कानमा भन्नू ।' "छि: पढेर मात्र बुद्धि आउँदो रै'नछ । आफ्नो सामानको त ख्याल गर्नुपर्छ नि । हेर हेर डिग्री पढेको मान्छेको बुद्धि !" एकजना चीर परिचितको आवाज सुनेँ जसले आफ्नो छोरो लम्फू भएर पढ्न छाडेकोमा भन्दा मैले पढेकोमा बढी चिन्ता लिन्थे । "यो मान्छे पहिल्यै देखिको हरिलट्ठक हो । घाँस काट्न जाँदा कविता लेखेर बस्थ्यो, १० बजेतिर रित्तो डोको लिएर आउँथ्यो ।" अर्काले मौकामा चौका हान्यो । नसुनेझैं सुनिरहेँ । "यसका सन्तान नै यस्तै हुन्, हजुरबाको गोता गा'को छोरो, छोराको गोता गा'को नाति । यस्तो वेहोसी तालले के गरेर जीवन कटाउनी होला ?" अर्की शुभचिन्तकले शुभचिन्ता प्रकट गरिन् । अनि अर्की भद्र महिलाले त केसम्म भन्न भ्याइन भने–"यो यस्तै हो । पोहोर साल तरकारीमा बेसार भनेर केशरी हाल्ने यै त हो नि ।" समूहमा भएका १५/२० जना महिलाहरू हलल्ल हाँसे । म भने योभन्दा बढी सुन्न नसकेर त्यहाँबाट परै गएर बसेँ । यतिबेला म एकान्तमा बसेर त्यै औंठीलाई मनमनै गाली गर्दै छु । जसले मलाई बेकारमा मूर्ख बनाएर गयो । 'थुइक्क साला औंठी ! बिना काममा तीनपुस्ते गाली खुवाइस् यार !' सोँच्दै छु हाम्रो जीवन पनि त एउटा यस्तै सुनको औंठी न हो । जसलाई न चाहेर प्राप्त हुन्छ न चाहेर गुमाइन्छ । जाबो उडेर आएका परेवा उडेर गए भनेर जान्दा जान्दै आमाले किन झोंक्राउनु पर्थ्यो ? बिना कुनै लगानी आएका मौरीले घार छोडेर जाँदा बुवाको अनुहार किन कान्तीहीन हुनुपर्थ्यो ? सपनामा पैसा देखेको बालक, युवतीलाई अङ्गाल्न नपाउँदै ब्युँझेको युवक वा अनायासै आएर अनायासै जाने प्रेमिकालाई सम्झेर टोलाउने मित्र सुरज वा 'फ्रि'मा पाएको औंठी हराउँदा बेचैन हुने म किन वास्तविकता जान्दा जान्दै पनि, बुझ्दा बुझ्दै पनि दु:खी हुन्छौं ? यो अनुत्तरित प्रश्न मनमा घुमिरहन्छ त्यै हराएको सुनको औंठी झैं । *-साहित्यपोस्ट डटकम*

> *हामीलाई जन्मदेखि नै सिकाइएका, सुनाइएका मूल्य मान्यता र। जकड्ने रै'छन्, नछोड्ने रै'छन् । मनलाई शान्त पार्न कसैलाई नभन्ने सर्तमा एउटा साथीलाई सुनाएँ, उसले त्यस्तै सर्तमा अर्कोलाई सुनाएछ । अर्कोले अर्कोलाई गर्दै १५ मिनेट भित्रमा भोजमा उपस्थित मध्ये थाहा पाउनेकोभन्दा नपाउनेको सङ्ख्या कम भयो ।*

हास्यव्यंग्य — चेतन काफ्ले

## साथी ! तपाईं कुन पार्टी ?

जब राष्ट्र वा संघ संस्थाको निर्वाचनको समय आउँछ तब साथीहरूले बारम्बार सोधिरहने प्रश्न - 'साथी ' तपाईं कुन पार्टी ?! साथीहरूको प्रश्नको जवाफ नदिई विभिन्न बहाना गरेर टार्दै आएको थिएँ । अब त्यो प्रश्न ममाथि फेरि ओइरिने समय आएको छ । हरेक व्यक्तिलाई जवाफ दिनुभन्दा पनि एकमुष्ट सबैलाई हुने गरी र त्यो प्रश्न ममाथि कसैले कहिल्यै नसोधुन् भन्ने हेतुले लिखित जवाफ दिने प्रयास गरेको छु । चाबहिलतिरका साथीलाई जोरपाटी, नयाँ पाटी, क्षेत्रपाटी वा भत्क्यापाटी । ललितपुरका साथीहरूलाई कुमारीपाटी, भैंसेपाटी । भक्तपुरकालाई खरिपाटी, दुधपाटी । काभ्रेलीलाई भैंसेपाटी, मथुरापाटी, खरदारपाटी, श्रीरामपाटी, जोरपाटी, नर्वदापाटी, हिगुवापार्टी बालुवापाटी, बाहुनेपाटी ....... आदि इत्यादि । यी त भए हाम्रा पूर्वजले गरेका समाज सेवाको इतिहास । मैले अहिले बेतुकले उठान गरेर भए पनि पूर्वजले गरेका योगदानको कदर स्वरुप पुन: स्मरण गरेँ, गराएँ । पार्टी पौवा चौतारी बनाएर बाटो हिँड्ने बटुवालाई, भारी बोकेर हिँड्ने ढाक्रेलाई सुस्ताउन, बास बस्न सहज बनाएका थिए । मैले साथीहरूलाई हाँसी मजाक गर्ने र टार्ने बहाना झिकेको मात्र हो । अब साच्चिँकै पार्टीका कुरा गरौँ । राणाकालदेखिको पुरानो इतिहास कोट्याउनतिर लागिनँ । वि.सं. २०३६ सालमा पाकिस्तानका प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई फाँसी दिएको विरोधको लहर नेपालसम्म पनि आइपुग्यो ।

विद्यार्थी आन्दोलनले चर्को रूप लियो । दुई महिनाभन्दा बढी नै कलेज विद्यालयहरू बन्द भए । आन्दोलनको उपलब्धिका रूपमा बहुदल वा सुधारिएको पञ्चायती व्यवस्था भनी वि.सं. २०३७ मा जनमत संग्रह भयो । विद्यालय देखि नै स्वतन्त्र विद्यार्थी युनियन गठन गर्न सक्ने व्यवस्था भयो । प्रजातान्त्रिक व्यवस्थातर्फ एक पाइला अघि बढ्यो तर कलिला विद्यार्थीलाई स्व.वि.युको नाममा दलले आफ्नो पहुँच विस्तारतिर लागे र विद्यार्थीको हितमा भन्दा पनि पार्टीको वर्गीय संगठनको रूपमा प्रयोग गर्न थाले । सरकार पक्षलाई सहयोग पुर्याउने पञ्चायती राजतन्त्र नै ठीक भन्ने स्वतन्त्र विद्यार्थी मण्डल । कमन्युष्ट विचार धारा अगाल्नेको अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन र प्रजातान्त्रिक विचार धारा बोक्ने पार्टीले नेपाल विद्यार्थी संघ आदि आदि नाम दिएर विद्यार्थीलाई पार्टीको झोला भिराए । स्वतन्त्र विद्यार्थी युनियन भनिए तापनि स्वतन्त्र रहन सकेन । त्यसले दललाई राजनीति विस्तारमा र प्रजातन्त्र स्थापनालाई सहयोग त पुर्यायो तर त्यही बिन्दुबाट समाजलाई खण्डिकरणको बीजारोपण भयो । स्कुले विद्यार्थीको कलिलो मानसपटलमा म मण्डले ,म नेवि संघ, म अनेरास्वयुका नामले गर्दा एक अर्कालाई राजनितिक प्रतिद्वन्द्वीका रूपमा हेर्न थाले । हात हतियारको प्रयोग गरी एक अर्कालाई सिध्याउने सम्मका भिडन्त र हर्कत हुन थाले । विद्यालयको स्वविय भने केही वर्षमै खारेज गरियो । कलेजतिर भने अहिले पनि पार्टीको प्रतिष्ठाका रूपमा विद्यार्थी - विद्यार्थी भिडाएर नेता उत्पादन गर्ने थलोको रूपमा स्थापित गरिएको छ । प्रसङ्ग पार्टीतिरै सोझ्याऊँ । लेखक वि.सं. २०३६ सालको आन्दोलन देखि नै प्रत्यक्ष वा परोक्ष रूपले प्रजातान्त्रिक लडाईंमा समावेश हुँदै आएको हो । यहाँ प्रजातन्त्र वा पार्टी विशेषमा किन विरोधाभासका कुरा लेखिँदैछ भन्ने लाग्ला । म अहिले बहुदल वा निर्दलको आँखाले नभई समाजलाई समाजशास्त्रीको आँखाले हेर्ने प्रयास मात्र गरेको हुँ । म समाजशास्त्री चाहिँ होइन । नेपाल चार जात छत्तीस वर्णको फुलबारी भनेर पृथ्वी नारायण शाहको दिव्य उपदेशमा पढ्न सकिन्छ । अहिलेको अवस्थामा भन्नुपर्दा नेपालमा १२५ को हाराहारीमा भाषा, जात, जनजाति भएको मानिन्छ । त्यस्तै अनेकौं भेषभुषा, संस्कृति, चाडपर्व, धार्मिक रहन सहन प्रथा प्रचलन रहेको देश । ७० मिटर को होचो भाग देखि ८८४९ मिटर सम्म विश्वको सबैभन्दा उचाई भएको अग्लो हिम शिखर रहेको बहु धरातलीय भौगोलिक अवस्था । ५० डिग्री ताप देखि ६० डिग्री तापमानसम्मको बहु वातावरण । अन्त कतै नभएका, नपाइने अनेकौं जडिबुटी, चराचुरुङ्गी, पुतली, वन्यजन्तु, जैविक विविधताले भरिएको विश्वको दोस्रो जलाधार शक्ति आदि इत्यादिले भरिपूर्ण, परिपूर्ण र रमणीय देश । तर सत्ताको बागडोर सम्हाल्ने मुखियाहरूको जहिले पनि मङ्सिर पन्ध्र । र भुइँमान्छेहरूलाई जहिले पनि असार पन्को हिलो मै गाडिएर दबिएर बस्न बाध्य बनाइएका छन् । वि. सं. २०४६ साल यताका कुरा गरौँ । जब जन आन्दोलनबाट प्रजातन्त्रको पुर्नस्थापना भयो ततपश्चात् पार्टीहरूले विस्तारको क्रममा जनतालाई स्वतन्त्र रूपले रहन नसक्ने गरी भागबण्डा गरे । कर्मचारी ,शिक्षक, विद्यार्थी , मजदुर, कृषक, संचार माध्यम, बुद्धिजीवी, वकिल, डाक्टर, ठेकेदार सबै सबै । भ्याएसम्म आफ्नो कित्तातिर तानेर पार्टीको ट्याग लगाइदिए । पार्टीको झोला नभिरे ठेक्का नमिल्ने, जागिरै नपाइने, पाएको जागिर बचाउन नसकिने । सरुवा, बढुवा पद प्रतिष्ठा आदि इत्यादि । केही वर्ष झोला बोक्नेले सहजै आफ्नो काम फत्ते गराए । अब झोला बोकेर मात्र काम हुन छोड्यो । झोला सहित सुटकेस पनि बोक्नुपर्ने भो । सरुवा, बढुवा, नियुक्ति आदि सबै सबैतिर कहाँ चाहिँ छैन भनेर खोज्नुपर्ने अवस्था आयो । शासन र सत्ता कमाउधन्दातिर मोडियो । सदाचार दुर्लभ भयो । कानुन बनाएरै नीतिगत रूपमा भ्रष्टाचार हुन थाल्यो । संवैधानिक निकायहरू, देखाउने दाँतमा सीमित भए । हरेक पार्टीका नेता कार्यकर्ता आफ्नो पार्टीले गरेको कालो कर्तुतलाई सेतो प्रमाणित गर्नतिर लागि परे । सत्ताको कुर्सीमा हुँदा पुष्टकारी र सत्ताबाहिर हुँदा त्यही गोबर हुने परिपाटी बस्न थाल्यो । पार्टीहरू सुशासन हैन मसल र भिडतन्त्रतिर अग्रसर भए । अब मेरै गाउँ ठाउँतिरको कुरा गरौँ । वि.सं. २०४६ साल यता जब बहुदलीय व्यवस्था आयो । पार्टीगत रूपले उम्मेदवार खडा भए । भोट हाल्ने बेलामा जनता कुनै न कुनै पार्टीमा खण्डिकरण भए । हरेक घरको भोट कहाँ हालियो भनेर पार्टीका कार्यकर्ताले घरधुरी र व्यक्ति व्यक्ति गन्ती शुरु गरे । एक अर्का पार्टीका भोटरहरूमा बोलचाल बन्द भए । पर्म मेलापात, ऐँचो पैँचो बन्द भयो । विवाह व्रतबन्ध, मलामी समेत अर्को पार्टीमा भोटहाल्नेकोमा जान छाडे । दुध भर्ने कृषकका डेरी अलग्गै खडा गरिए । आमा समूह, बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरू, क्लबहरू भिन्दा भिन्दै दर्ता भएर सञ्चालनमा आए र अझै छन् पनि । लुगा सिउने दमाई, कामी अझ कर्मकाण्ड गर्ने पुरोहितसम्म पनि आृनै पार्टीमा भोट हाल्ने व्यक्ति खोज्न शुरु गरियो । माओवादीको दश वर्षे द्वन्द्वले समाजमा वर्ग, जात, क्षेत्र, लिङ्गका नामले थप विखण्डन गर्न मलजल पुर्यायो । कुनै पार्टीमा पनि आबद्ध नहुने पनि कोही मान्छे छ र ? हुन्छन् र ? भन्नेसम्मको भाष्य निर्माण गर्न खोजियो । कुनै पनि पार्टीमा आबद्ध नहुने मानिस समाजबाट नै बहिस्कार हुनुपर्ने जस्तो वातावरण सिर्जना भयो । *-साहित्यपोस्ट डटकम*

> *अहिलेको अवस्थामा भन्नुपर्दा नेपालमा १२५ को हाराहारीमा भाषा, जात, जनजाति भएको मानिन्छ । त्यस्तै अनेकौं भेषभुषा, संस्कृति, चाडपर्व, धार्मिक रहन सहन प्रथा प्रचलन रहेको देश । ७० मिटर को होचो भाग देखि ८८४९ मिटर सम्म विश्वको सबैभन्दा उचाई भएको अग्लो हिम शिखर रहेको बहु धरातलीय भौगोलिक अवस्था । ५० डिग्री ताप देखि ६० डिग्री तापमानसम्मको बहु वातावरण । अन्त कतै नभएका, नपाइने अनेकौं जडिबुटी, चराचुरुङ्गी, पुतली, वन्यजन्तु, जैविक विविधताले भरिएको विश्वको दोस्रो जलाधार शक्ति आदि इत्यादिले भरिपूर्ण, परिपूर्ण र रमणीय देश । तर सत्ताको बागडोर सम्हाल्ने मुखियाहरूको जहिले पनि मङ्सिर पन्ध्र ।*

# अभिभावक गुमाएका बालबालिकालाई शैक्षिक सामग्री

कृष्ण पोखरेल



**पाल्पा,** पुस ११/अन्तरर्राष्ट्रिय आप्रवासन दिवस २०२५ को अवसरमा तानसेन नगरपालिका सुरक्षित आप्रवासन सामीले वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएका श्रमिकका सन्ततीहरूलाई शैक्षिक सामग्री वितरण गरेको छ । तानसेन नगरपालिका भित्र वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका ९ परिवारका सन्ततीहरूलाई पालिकाले स्कुल ब्यागसहित आवश्यक शैक्षिक सामग्री वितरण गरिएको हो ।

नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, उप-प्रमुख प्रतिक्षा गाहा सिंजाली, प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरी, सामाजिक विकास अधिकृत अधिकृत कोशलराज घिमिरे, तानसेन नगरपालिका सामी कार्यक्रम प्रमुख दिनेश घिमिरे, जिल्ला आप्रवासी श्रमिक सञ्जालकी अध्यक्ष शर्मिला भाट लगायतले संयुक्त रूपमा शैक्षिक सामग्री हस्तान्तरण गरेका थिए । शैक्षिक सामाग्री वितरण कार्यक्रममा बोल्दै नगर प्रमुख श्रेष्ठले तानसेन नगरपालिका नागरिकका सुखमा मात्र होइन, दु:खका बेलामा पनि साथ दिँदै आएको बताए । उनले वैदेशिक रोजगारीका क्रममा अभिभावक गुमाएका बालबालिकाको शिक्षा र भविष्य सुनिश्चित गर्न नगरपालिका प्रतिबद्ध रहेको बताए । नगरपालिकाको सामी कार्यक्रमसँगको सहकार्यले जोखिमपूर्ण आप्रवासन न्यूनीकरण र पीडित परिवारको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको नगर प्रमुख श्रेष्ठले जोड दिए । तानसेन नगरपालिका सामी कार्यक्रम संयोजक दिनेश घिमिरेले सामी कार्यक्रमले सुरक्षित, मर्यादित र कानुनी वैदेशिक रोजगारी प्रवर्द्धन गर्दै वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक, ठगीमा परेका पीडित तथा मृतक श्रमिकका परिवारलाई कानुनी परामर्श, मनोसामाजिक सहयोग र पुन:एकीकरणमा सहयोग गर्दै आएको बताए । तानसेन नगरपालिका भित्र सामी कार्यक्रममार्फत वैदेशिक रोजगारीसम्बन्धी सचेतना कार्यक्रम, सीपमूलक तालिम, जोखिम न्यूनीकरण, पीडित श्रमिकको उद्धार तथा मृतक श्रमिकका परिवारलाई राहत सहयोग जस्ता गतिविधी प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका छन् । सामी कार्यक्रममार्फत तानसेन नगर भित्र सुरक्षित आप्रवासनप्रति नागरिकको सचेतना बढ्दै गएको सरोकारवालाहरूले बताएका छन् । कार्यक्रममा सहभागी अभिभावकहरुले शैक्षिक सामग्री सहयोगले आफ्ना सन्ततीको पठन-पाठनमा सहजता आएको भन्दै तानसेन नगरपालिका सामी कार्यक्रमप्रति आभार व्यक्त गरेका थिए ।

## खेलकुद समाचार

# आर्मी र पुलिसको विजयी शुरुआत



**काठमाडौं,** पुस ११/काठमाडौंमा शुक्रबारदेखि शुरू भएको नवौं एनभीए महिला तथा पुरुष भलिबल च्याम्पियनशिपमा विभागीय टोली नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबले विजयी शुरुआत गरेका छन् । त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको पहिलो खेलमा पुलिसले सुदूरपश्चिम प्रदेशलाई ३-० को सेटमा हरायो । पुलिसले पहिलो सेट २५-१०, दोस्रो सेट २५-६ र तेस्रो सेट २५-११ ले जित्यो । यस्तै अर्को खेलमा आर्मीले एभरेस्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा हरायो । आर्मीले पहिलो सेट २५-१७, दोस्रो सेट २५-१४ र तेस्रो सेट २५-२३ ले जित्यो । प्रतियोगितामा अहिले पुरुषतर्फ नेपाल पुलिस क्लब र ढोरपाटन क्लब तथा हेल्प नेपाल स्पोर्ट्स क्लब र नेपाल एपीएफ क्लबबीच खेल भइरहेको छ । नेपाल भलिबल सैले आयोजना गरेको प्रतियोगितामा पुरुष र महिला गरी २० वटा टोलीको सहभागिता रहेको छ । जसमा पुरुषतर्फ १२ तथा महिलातर्फ आठ टोली सहभागी छन् । प्रतियोगिता यही पुस २० गतेसम्म सञ्चालन हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# ग्लोबल बैंक र डीएआई परियोजनाबिच सम्झौता




**पाल्पा,** पुस ११/ग्लोबल आइएमई बैंक र डीएआई-उदय परियोजनाबीच वित्तिय कारोबारका लागि सम्झौता भएको छ । कोसी प्रदेशका विभिन्न साना तथा लघु उद्यमलाई वित्तीय पहुँचका लागि सहकार्यसम्बन्धी यी दुई बिच सम्झौता भएको हो ।

सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी तथा परियोजनाका चिफ अफ पार्टी अरुण रानाले हस्ताक्षर गरेका छन् । सम्झौतापछि कोसी प्रदेशमा सञ्चालित विभिन्न साना तथा लघु व्यवसायलाई सहज रुपमा कर्जा प्रवाह हुने र लगानी अभावले व्यवसाय विस्तार गर्न असमर्थ उद्यम तथा उद्यमीको व्यवसाय विस्तारसँगै रोजगारी वृद्धि हुने विश्वास बैंकले लिएको छ । सम्झौताअनुसार डीएआई-उदय परियोजनाले छनोट गरेका उद्यम तथा व्यवसायले बैंकको कोसीका सबै शाखाबाट सहज रुपमा कर्जा पाउनेछन् । नेपाल तथा स्वीट्जरल्यान्ड सरकारको द्विपक्षीय पहलस्वरुप कोसीको आर्थिक मामिला तथा योजना मन्त्रालयको प्राविधिक सहयोगमा प्रदेशका सम्पूर्ण जिल्लामा डीएआई-उदय परियोजनाले काम गर्दै आएको छ । परियोजनाले कोसीमा नवीकरणीय ऊर्जा, कृषि प्रशोधन, आईटी, पर्यटन तथा उत्पादनमूलक उद्योगलगायतका व्यवसायलाई वित्तीय स्रोतमा सहज वातावरण बनाइरहेको छ ।

# रैनादेवीको भुवनपोखरीमा सार्वजनिक सुनुवाई



**पाल्पा,** पुस ११/जिल्लाको रैनादेवी छहरा गाउँपालिकाले वडा नं. ३ भुवनपोखरीमा वडास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । जनताका गुनासा तथा सुझाव जनताकै घरदैलोमै पुगेर सुन्ने, जवाफ दिने र अवस्था अनुसार तत्कालै कार्यान्वयन गर्ने, आगामी योजनाको लागी टिपोट गर्ने अभियानका साथ पालिकाले सार्वजनिक कार्यक्रम गरेको हो ।

कार्यक्रममा भुवनपोखरीवासीहरुले पालिकासम्म पुग्न भौगोलिक रुपमा टाढा परेकाले आगामी दिनमा पनि नियमित रुपमा वडास्तरमा सार्वजनिक सुनुवाई गर्न पालिकासँग माग गरेका छन् । उनीहरुले पालिका जान टाढा भएकाले कानुनले दिन मिल्ने सबैखाले सेवा सुविधा वडा कार्यालयबाटै उपलब्ध गराउन माग गरेका छन् । सार्वजनिक सुनुवाईमा स्थानीय नागरिक, उपभोक्ता समिति, जनप्रतिनिधि तथा सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले वडाका सबै बस्तीमा स्तरीय सडक पहुँच सुनिश्चित गर्नुपर्ने, एक लाख रुपैयाँभन्दा कमका साना योजनाभन्दा बढी प्रतिफल दिने ठूला र प्रभावकारी योजना निर्माणमा जोड दिनुपर्ने सुझाव दिएका छन् । त्यस्तै शिक्षकहरुको मासिक तलब समयमै उपलब्ध गराउन पालिकालाई अनुरोध गरेका छन् । विद्यालयहरुलाई पर्याप्त बजेट विनियोजन गरी गुणस्तरीय पठन-पाठनमा पालिकाको लगानी सुनिश्चित गर्नुपर्ने शिक्षक तथा सहभागीहरुले जोड दिएका छन् ।सार्वजनिक सुनुवाईमा उपभोक्ता समितिले काम गरिरहेकै समयमा प्राविधिकबाट नियमित अनुगमन तथा निरीक्षण गरी आवश्यक राय-सुझाव तत्काल दिएमा योजनाको काम प्रभावकारी, दिर्घकालीन गुणस्तरीय हुनेमा उपभोक्ताले गाउँपालिकासँग आग्रह गरेका छन् । पालिकाले विभिन्न शीर्षकमा प्रदान गर्ने अनुदानको विवरण व्यवस्थित रुपमा राखी सार्वजनिक गर्नुपर्ने र अनुदान प्राप्त व्यक्ति तथा संस्थाले गरेका गतिविधिहरु पनि नियमित सार्वजनिक गर्नुपर्ने माग सहभागीहरुले गरेका छन् । जसले अनुदानको रकम सही रुपमा प्रयोग हुने, दोहोऱ्याएर अनुदान लिने विकृती हट्ने, आवश्यकताको आधारमा सबैपक्षले अनुदान कार्यक्रममा सहभागी हुन पाउने सहभागीहरुले बताए । स्थानीयले रैनादेवी मन्दिर पश्चिम क्षेत्रकै चर्चित शक्तिपिठ रहेकाले मन्दिरको संरक्षण, सुरक्षा तथा नियमित सरसफाइका लागि एक जना सहयोगीको व्यवस्था गर्न माग गरेका छन् । साथै भुवनपोखरीका केही डाँडाबस्तीमा अझै पनि खानेपानीको समस्या रहेकाले चाँडोभन्दा चाँडो खानेपानीको व्यवस्था गर्नुपर्ने आवाज उठेको छ । चालु आर्थिक बर्षमा सबैभन्दा बढी योजना सम्झौता गर्ने वडा भएको भन्दै वडा सदस्यहरुले वडा नं. ३ लाई पुरस्कृत गर्नुपर्ने माग पनि राखेका छन् । कार्यक्रममा १४ जना सेवाग्रही तथा वडावासीले सुझाव तथा गुनासो राखेका थिए । सार्वजनिक सुनुवाईमा उठेका गुनासा तथा सुझावहरुको जवाफ गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराई, उपाध्यक्ष युवराज थापा, प्रमुख प्रशासकीय अधिकृत विवेक रणपाल परियार, लेखा अधिकृत लिलामणी बस्याल, शिक्षा शाखा प्रमुख तेज कुमाल, स्वास्थ्य शाखा प्रमुख जीवन राना, सुशासन समिति संयोजक लक्ष्मण हिताङ्ग, वडा अध्यक्ष प्रदिप पौडेल, विषयगत शाखा प्रमुखहरुले जवाफ दिएका थिए । नागरिकबाट आएका गुनासा तथा सुझावलाई प्राथमिकताका साथ सम्बोधन गर्ने र सम्भव भएका विषय तत्काल तथा दीर्घकालीन योजनामार्फत कार्यान्वयन गर्ने प्रतिवद्धता पालिकाले गरेको छ । गाउँपालिकाले ८ वटै वडामा जनताको घरदैलोमा पुगेर सार्वजनिक सुनुवाई गर्ने र वडाहरुको सकिएपछि अन्तिममा पालिकस्तरीय सार्वजनिक सुनुवाई गर्ने तालिका बनाएको जनाएको छ । यसैगरी पालिकाले पुस ११ गते वडा नं. ८ सत्यवतीमा सार्वजनिक सुनुवाई गर्ने भएको छ । सार्वजनिक सुनुवाईको सहजीकरण रेडियो मुक्तिनाथका स्टेशन म्यानेजर भुवन रायमाझीले गरेका थिए ।



# विषादीको प्रयोगले...

...अवशेषयुक्त खाद्यान्नको नियमित सेवनले उपभोक्ताको स्वास्थ्यमा मौन तर गहिरो क्षति पुऱ्याउने खतरा रहन्छ ।"- कार्यक्रममा कृषि अनुसन्धानकर्ता शारदा पाण्डे परम्परागत किटनाशक सम्बन्धमा अनुसन्धानसहितको धारणा प्रस्तुत गर्दै यसले वातावरणीय दृष्टिले किटनाशक औषधिले जैविक सन्तुलनमा ठूलो खलल पुऱ्याउने गरेको स्पष्ट पारे । "माटो, पानी र हावामा मिसिएका रसायनले कीरामात्र होइन, मौरी, चरा, माछा तथा अन्य उपयोगी जीवलाई समेत नष्ट गर्छ । मौरी नष्ट हुँदा परागण प्रक्रिया प्रभावित भई कृषि उत्पादनमा नै दीर्घकालीन नकारात्मक असर पर्छ", उनले भने, "नदी, खोला र भूमिगत पानी प्रदूषित हुँदा मानव र वन्यजन्तु दुवै जोखिममा पर्छन् । माटोमा लामो समयसम्म रहने रसायनले पारिस्थितिक प्रणालीलाई कमजोर बनाउँछ र जैविक विविधता घटाउँछ ।" राष्ट्रिय गहुँबाली अनुसन्धान भैरहवाका वरिष्ठ अधिकृत खेमराज पन्तले किटनाशक औषधिको प्रयोग पूर्ण रूपमा निषेध नभएर विवेकपूर्ण, सुरक्षित र वैकल्पिक उपायसँग जोडेर प्रयोग गर्नुपर्ने सुझाव दिए । "एकीकृत कीट व्यवस्थापन, जैविक कृषि, सही मात्रा र सही समयमा प्रयोग तथा किसान र उपभोक्तामा चेतना अभिवृद्धि अहिलेको आवश्यकता हो", उनले भने, "कृषि उत्पादन, मानव स्वास्थ्य र वातावरणबीच सन्तुलन कायम नगरेसम्म किटनाशकबाट हुने लाभ अस्थायीमात्र रहनेछ र त्यसको मूल्य समाजले दीर्घकालसम्म तिर्नुपर्नेछ ।" कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष तेजकुमार पाठकले विषादीको व्यापार कम गर्न र उपभोक्ताको सचेतना बढाउने काममा साझेदारी गर्न सबैलाई आग्रह गरे । उनले उपभोक्ता सचेत नहुँदासम्म यस्ता समस्या अझै बढ्ने बताउँदै नियामक निकायले अनुगमनलाई नियमित रूपमा अघि बढाउनुपर्ने र सबैलाई कर्तव्यबोध गराउनुपर्ने धारणा राखे ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई